# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 21 No 4 Monthly International Edition of Herald of His Coming April 2020
वर्ष २१, अङ्क ४ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (वैशाख, २०७७)


# सात महत्वपूर्ण प्रश्नहरू
## Seven Questions of vital Importance

**By Oswald J Smith (1889 - 1986)**

Vol 78 No. 6 (930)

त्यहाँ सात प्रश्नहरू छन् जुन प्रत्येक इसाईले सामना गर्नु पर्दछ । यस्ता महत्वका प्रश्नहरूलाई वेवास्था गर्नु भनेको उसको आत्मिक जीवन विर्गानु हो । यदि त्यस्तो हो भने हामी यि सात ओटै प्रश्नलाई एक - एक गरी विचार गरौ र इमान्दारी साथ जवाफ दिनको लागि परमेश्वरले हामीलाई मद्धत गर्नु हुनेछ ।

**१. के म जानि-जानी पाप गर्दै छु ?**

यदि मैले मेरो हृदयमा अधर्मलाई ध्यान दिए भने प्रभुले मलाई सुन्नुहुने छैन (भजनसंग्रह ६६:१८) उहाँले मेरो कुराहरू पनि सुन्नुहुने छैन । यसैले मेरो प्रार्थनाको उत्तर दिइने छैन ।

याद गर्नुहोस, यदि तपाईले मैले पाप गरेको छु कि छैन भनेर ज्ञानमा रहनु भयो भने बाइबलले भनेको अनुसार त्यसको सामना गर्नु पर्दछ । “यसकारण यतिका साक्षीहरूको ठुलो बादलले हामीलाई घोरिराखेको हुनाले, हर किसिमका बोझ्रा र हामीलाई सजिलै सित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखि दिएको दौड धर्मसाथ दौडौ ।”(हिब्र १२:१) यदि पापले हामीलाई घरि घरी संसार तिर तान्छ भने तर परमेश्वरको वचनले हामीलाई ति सबैकुरा त्याग्नुपर्छ भनेर सिकाउँछ । “तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्वरबाट अलग गरेका छन् र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ र उहाँले तिमीहरूका कुरा सुन्नुहुने छैन ।” (यशैया ५९ : २) पापले परमेश्वरको अनुहार लुकाउँछ । जहाँ पाप छ त्यहाँ परमेश्वर र हामी बिच कुनै कुराकानी, कुनै संगति हुन सक्दैन । “तर परमेश्वरको दृढ जग खडै रहन्छ, र त्यसमा यो छाप लागेको छ प्रभुले आफ्ना जातिलाई चिन्नुहुन्छ, र प्रभूको नाउ लिने जति हरेक अधर्मबाट टाढै रहोस् ।” (२ तिमोथी ४ : १९) यो परमेश्वरको आज्ञा हो । यदि हामी उहाँबाट स्वीकृत हुन चाहन्छौ भने हामीले सबै पापहरू त्याग्नुपर्छ । त्यसो भए हामी पवित्रआत्मालाई दु:ख पुऱ्याउने क्रियाकलापबाट फकौ र हाम्रो जीवनलाई संसारबाट अगल बनाऔ किनकी पापको कारणले ख्रीष्टियन जिवनमा कहिल्यै प्रगती ल्याउन सक्दैन ।

पापले हामीलाई सधै धार्मिक काम गर्नदेखि टाढा राख्दछ । यसले हाम्रो चाहनालाई पनि संसार तिर नै बढाइदिन्छ । इसाई जीवनको सबै भन्दा वास्तवीक पिडा भनेको, हाम्रो हृदयलाई पापले थिचो मिचो गर्नु हो । यदि हामीले पापलाई हाम्रो बसमा राख्न सकेनै र पापले हामीलाई आफ्नो वसमा राख्यो भने हामी परमेश्वरबाट टाढा हुन्छौ । यसकारण हामी पश्चताप गरौ, हाम्रो हृदयलाई टुक्रयाऔ र परमेश्वरको नजिक जाऔ परमेश्वरले हामीलाई शान्ति दिनुहुन्छ (फिलिप्पी ४ : ७) पापले हामीलाई बरवाद गर्छ जबसम्म हामी त्यसलाई छोड्दैनौ । अन्तर बिन्तिको माग कठिन छ । (हितोपदेश ३१:१५)

प्रिय हो, येशू ख्रीष्टलाई याद गर्नुहोस उहाँको हरेक क्रियाकलाप जो चाहि सादुकि, फरिसीहरूले विभिन्न किसिमका बन्धनहरूलाई एउटा नियमको रूपमा लिएका थिए । ख्रीष्टले त्यस्ता किसिमका बन्धनहरूलाई तोडेर संसारका थोकको कैदमा राखेकाहरूलाई

स्वतन्त्र पार्नुभयो र उहाँको पछि लाग्नेहरूलाई उदार मुक्ति दिएर स्वतन्त्र बनाउनुभयो, उहाँमात्रै उदार गर्न सक्ने शक्तिशाली परमेश्वर हुनुहुन्छ। शक्तिशाली परमेश्वर तपाईंमा बास गर्नु भए पछि त्यहाँ पाप टिक्ट सक्दैन। उहाँ नै पाप माथि विजय हुनुहुन्छ।

**२. के म परमेश्वरको इच्छाको अधिनमा बस्दैछु ?**

आफूलाई परमेश्वरमा समर्पण गर्नुहोस् (रोमी ६:१३)। के मैले सबै परमेश्वरमा समर्पण गरेको छु ? मलाई थाहा छ। म गाउँछु, घरि घरि म यो उच्चारण गर्छु, प्रभु तपाईंको आफ्नो बाटो छ, के म यसको बास्ता गर्छु ? कि मलाई जहाँ इच्छा लाग्यो त्यही जान्छु ? अझै पनि म आफ्नै बाटोमा हिँडिरहेको छु अथवा के म मेरो तरिकालाई मन पराउछु ? कतै मैले ख्रीष्टको सट्टामा आफूलाई प्रथम स्थानमा राखेको त छैन ? के उहाँ मेरो जीवनको प्रमुख मालिक हुनुहुन्छ भनेर मैले स्विकारेको छु ?

हामी परमेश्वरका आज्ञाकारि सन्तान हुनुपर्दछ। यदि हामी स्वार्थी छौ भने उहाँले हामीलाई प्रयोग गर्न सक्नुहुन्न। आज्ञापालन बलिदान भन्दा राम्रो हो (१ शामूएल १५:२२) आत्मिक लडाइमा हामी उहाँप्रति बफादारी हुनुपर्छ र उहाँको अनुमतिमा हामी छौ भने उहाँले हामीलाई कहिल्यै पनि बेवास्ता गर्नु हुने छैन। यदि हामी परमेश्वरले मलाई चलाउनु भएको होस् भन्ने चाहान्छौ भने हामी आज्ञाकारी हुनु पर्दछ। हामी जहाँ जान चाहान्छौ त्यहा जान त सक्छौ तर परमेश्वरको इच्छामा रहेर र उहाँको आज्ञा पालन गरेर जान सक्छौ। हाम्रो तरिकाबाट होइन तर परमेश्वरको तरिकाबाट। जब हामी उहाँलाई साँच्चै समर्पण गर्छौ उहाँको योजना हाम्रो जीवनमा पुरा गरिदिनुहुन्छ। उहाँलाई हामीले हाम्रो जिवनमा कठोर मालिकको रूपमा लिन सक्दैनौ। उहाँ हाम्रा पिता हुनुहुन्छ उहाँले हामीलाई स्थिर पानीको छेउमा डोऱ्याउनुहुन्छ। हाम्रो हृदयमा उहाँलाई मन पराउने बनाइदिनु हुन्छ। त्यसपछि हामी उहाँलाई मन पर्ने इच्छाहरू उहाँको अघि राख्न सक्छौ। केवल हामीले सोच्नुपर्छ, हामी उहाँको शरीर,आत्मा र प्राण हौ। यस कारण आज्ञाकारीमा बाहेक त्यहा अरु कुनै संगती हुन सक्दैन।

**३. के म हरेक दिन प्रार्थनामा बिताउँछु ?**

हामीहरू प्रार्थना बाहेक अरु कुनै कुरामा पनि विजय हासील गर्न सक्दैनौ। जब सम्म इसाइहरूले प्राथना गर्दैनन् उनीहरूले आफ्नो जीवन सफल बनाउन सक्दैनन्। यदि तपाईंले प्रार्थनालाई बेवास्ता गर्नुभयो भने तपाईं कमजोर हुँदै जानुहुन्छ। जसले परमेश्वरको आशिषलाई पर्खिरहेको हुन्छन् र लगातार प्रार्थना गरिरहेका हुन्छन् उनीहरूको जिवन नविकरण हुन्छ। जबसम्म तपाईंले प्रार्थनाको वातावरणलाई दुष्ट आत्माको संक्रमणबाट जोगाउनुहुन्न त्यसले तपाईंलाई प्रार्थना गर्न दुःख दिन्छ। येशू ख्रीष्टले प्रार्थना गर्दा राता रात पनि बिताउनु भयो। पावलले भने जब उनी प्रार्थना गर्न लागे रातारात प्रार्थना गर्दथे। सुरुका मण्डलीहरू रातभर प्रार्थनामा लागिरहन्थे। त्यति बेला सबै पुरुष र महिलाहरू लगातार प्रार्थनामा लागिरहन्थे।

त्यसो भए तपाईं आफूले आफैलाई प्रश्न सोध्नुहोस कि म के गर्दैछु ? के म प्रार्थना गर्दैछु ? के म परमेश्वर सित हिँड्ने प्रयास गरेको छु ? के म दिन दिन उहाँसँग भेट गर्दछु र म यसलाई पालन गर्न सतर्क छु ? के परमेश्वरले मलाई प्रार्थनाको मानिस भनेर चिन्नुहुन्छ ? वा म उहाँको निम्ति असफल भएको छु ? यदि हो भने उहाँले मलाई नविकरण हुनको लागि सक्षम तुल्याउनु हुन्छ र बिहान उहाँलाई भेट्न म उठ्ने बित्तिकै खुसी रहने छु।

**४. के म परमेश्वरको वचनको लगनशील विश्वासी छु ?**

परमेश्वरको वचलाई वेवास्ता गर्नु भनेको उहाँको स्वर सुन्न देखि आफूलाई अलग गर्नु हो। किनकी परमेश्वर हामीसँग आफ्नो वचनबाट बोल्नुहुन्छ। तसर्थ, यदि मैले बाइबल अध्ययनलाई समय दिएको छैन भने म परमेश्वरको निर्देशन बिना छु भन्ने जान्नु पर्छ। धेरै व्यक्तिहरूले परमेश्वरको वचनको बेवास्ता गरेको कारणले उनिहरूले गल्ति गरेका छन्। कोही पनि यसको ठाउ लिन सक्दैन। यदि म उहाँलाई साँच्चिकै चिन्दछु, म परमेश्वरको वचनलाई अध्ययन गर्न चाहन्छु। जति म यो पढ्दछु त्यति नै चाखलाग्दो हुनेछ। बाइबल अध्ययन बिना म केहि पनि गर्न सक्दिन। परमेश्वरको वचन अध्ययन गर्दा मेरो दैनिक भोजन बन्नेछ। म मेरो जिवनको प्रारम्भिक दिनहरूमा प्रार्थना गरेर बाइबल अध्ययन गरे शुरु गर्दछु। जब म पहिलो पटक ख्रीष्टलाई पाएको थिए। ति दिन देखि आज सम्म दैनिक बाइबल अध्ययन गर्दछु। के म अझै पनि यि सबै कुरा पच्छाउन सकेको छु ताके यो मेरो लागि दिन दिनै नया भएको छ त ? जब मैले बाइबललाई पहिलो पटक पढेको थिए, थुप्रै भविष्यवक्ता हरूको बारेमा अनुभव गर्ने मौका पाए र म पनि उहाँहरू सँग रमाओट गरे। दाउदलाई हेर्दा अहिले पनि म सँग प्रश्न छ। कि म दाउदको भजनबाट सान्तवना पाइरहेको छु ? के परमेश्वरको वचन मेरो जिवित पुस्तक हो र के म यसबाट दिनहु आत्मिकि पोषण पाइरहेको छु ?

सायद म कमजोर छु। परमेश्वरले मलाई उहाँको वचनलाई दुध र मह सँग तुलना गर्ने बनाउनुहुन्छ। तसर्थ, म यो सधै लगातार गर्नुपर्छ। यसकारण उहाँले मलाई आफ्नो वचनको

निम्ति लगनसिल विद्यार्थी बन्न सर्थमा तुल्याउनुहुन्छ ।

**५. के म सार्वजनिक रूपमा खीष्टलाई स्वीकार गर्दैछु ?**

मेरो इसाईका सुरुका वर्षहरूमा म एउटा कम्पनिमा काम गर्थे। जुन काम आगोको भट्टीमा गर्नुपर्ने थियो। उनीहरूको विचनमा मैले मेरो गवाही दिदा मलाई रमाइलो लाग्थ्यो र मेरो गवाहीको कारणले थुप्रै मानिसहरूको विचमा उदारको अभियानको काम गर्ने अवसर पाए । थुप्रै आत्माहरू खीष्टतिर डोऱ्याउने मौका पाए। मैले मुक्ति नपाउँदाको जीवन देखेर र मुक्ति जिवन देखेर थुप्रै मानिसहरू उत्साहित भएका थिए। म उनीहरूको बिचमा खीष्टको साक्षी दिन उत्सुक भए। मेरो पुरानो जिवनको राक्षसी लक्षणहरू जब खीष्टलाई पाए मैले त्यही छोडिदिए र मेरो जिवन परिवर्तन भए ।

तर आज के गर्ने ? मैले पहिलो प्रेम गुमाएको छु ? के म चिसो र उदासहित भएको छु ? के मेरो हृदयमा परमेश्वरको आत्माको आगो बल्दैन ? के म मण्डली जान सक्छु ? र कोहि पनि बोझ बिनाका धार्मिक कार्यक्रमहरू म गर्न सक्छु ? यदि त्यसो हो भने, किन ? के भएको छ ? तर के म अरुलाई बचाउन केह िगर्न सक्छु ? बोझले दाबिएकाहरूको ख्याल राख्न सक्छु ? के आत्मामा मर्ने लागेकाहरूलाई बचाउन सक्छु ? के म तिनीहरूको हेरचाह गर्न सक्छु ? जब म यी शब्दहरूमा सामेल हुन्छु मेरो आत्मा रोइरहेको हुन्छ र मैले गल्ती गरेको महसुस हुन्छ । के ति हराएको मानिसको निम्ति ममा कुनै चासो छ ? यदि होइन भने गम्भिरता पूर्वक केहि करण पत्ता लगाउनुपर्छ। यसको लागि आज नै हामीले सुरु गर्नुपर्छ । सबै भन्दा पहिला पश्चाताप गरि खीष्टकहाँ जानु पर्छ । जब उहाँ म भित्र आउनु हुन्छ उहाँले भन्नु भएका आज्ञाहरू मैले गवाइको रूपमा दिन सुरु गर्नु पर्छ ? यसरी नै मैलै पक्कै पनि सुसमाचारको काम गरिरहेको हुन्छु । प्रिय मित्र हामी कुन ठाउँमा छौ आज नै विचार गरौ यदि म परमेश्वरको प्रतिनिधि हु भने खीष्टको सत्यतामा हुनुपर्छ र उहाँले भन्नु भएको आज्ञाहरू पालना गर्नुपर्छ ।

**६. के परमेश्वरमा म प्रगति गर्दैछु ?**

"देओ र तिमीहरूलाई पनि दिइने छ। मानिसहरूले प्रसस्त परिमाणमा खादि खादि बेसरि हल्लाएर पोखिने गरि तिमीहरूको पोल्टामा राखिदिने छन् । किनकी जुन नापले तिमीहरू दिन्छौ त्यही नापमा तिमीहरूले फिर्ता पनि पाउने छौ ।" (लूका ६:३६) जसरी हामी परमेश्वरलाई दिन्छौ । उहाँ ऋणी हुनुहुन्न । उहाँले तपाईंलाई प्रसस्त गरेर दिनुहुन्छ । प्रसस्त दिने परमेश्वर कहिले पनि हामी देखि टाढा हुनुहुन्न । उहाँलाई हामीले दश भागको एक भाग उहाँको कामको लागी छुट्टाउनुपर्छ । र उहाँले हामीलाई सोध्नुहुन्छ कि तिमीले मेरो भण्डारमा विश्वासाथ दिएका छौ भने हामीलाई पनि उहाँले दिनको निम्ति विश्वास योग्य हुनुहुन्छ । तपाईंले यस संसारमा विश्वासका साथ दिने व्यक्ति विरलै भेट्टाउनु हुनेछ। जसले परमेश्वरलाई विश्वास ज्ञान दिन्छन् ति व्यक्तिहरू कहिल्यै पनि अभावमा हुँदैनन् । उदार आत्माहरू शक्तिशाली हुन्छन् । उनीहरू मोटा र बलिया हुन्छन् । उनीहरूबाट अरुले जती दिए पनि रित्तिने छैनन् । "उदार मानिसको फलिफाप हुन्छ, अरुलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्ने छ।" (हितोपदेश ११:२५) तर जब तपाईं अरुलाई दिनुहुन्छ । तपाईं निश्चित हुनुस कि आत्मा जित्ने कार्यलाई अघि बढाउदै हुनुहुन्छ डर प्रगती गर्दै हुनुहुन्छ किनकि तपाईंको उपाहार कसरी प्रयोग भइरहेको छ भन्ने थाहा पाउनु हुन्छ। परमेश्वरले तपाईंलाई उहाँको कामको निम्ति जिम्मेवारी ठहराउनु हुनेछ ।

खुसीसाथ दिनुहोस् किनकि परमेश्वरले खुसीसाथ दिनेलाई प्रेम गर्नुहुन्छ । अनि हरेक मानिसले आफ्नो मनमा कल्पना गरेबमोजिम देओस इच्छा नभई होइन नता करकापमा परेर किनभने खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" । (२ कोरिन्थी ९:७) व्यवस्थीत रूपमा महिना महिनामा वा हप्ता- हप्तामा परमेश्वरलाई दिनुहोस् । किनकी उहाँबाहेक हामीलाई आशिष दिने कोहि छैन ।"कसैले न पठाइकन मानिसहरूले कसरी प्रचार गर्ने ?जस्तो लेखिएको छ सुसमाचार प्रचार गर्नेहरूका पाउ कति सुन्दर छन् ।" (रोमी १०: १५) कसैले संसारका सुसमाचार प्रचार गर्छ भने कसैले त्यसको खर्चको बिल तिर्नुपर्दछ । यो पानी जस्तो हो निःशुल्क ६ तर तपाईंले पाइपिङको पैसा तिर्नु पर्छ । यसैले यो कुरा मुक्ति सँग सम्बन्धित छ, यसकारण सुसमाचार सितैको हो तर सुसमाचार बोकेर जाने पाइलाहरूको निम्ति खर्च गर्नुपर्छ । हामीले त्यसलाई पृथ्वीको पल्लो छेउ सम्म पुऱ्याउनुपर्छ । तसर्थ प्रेरित पावलको भाषामा एउटा इसाइ अनुग्रहमा बाँचेको हुन्छ भन्दछन् । यदि हामी नयाँ करारका इसाईहरू हौ भने हामी स्वतन्त्र रूपमा परमेश्वरलाई दिन्छौ र परमेश्वरबाट पनि लिन्छौ । जति हामी परमेश्वरलाई दियौ त्यति परमेश्वरले हामीलाई दिनुहुन्छ र हामीलाई हाम्रो जिवनलाई प्रशस्त उन्नतिको मार्गमा लगाउनुहुन्छ ।

**७. के म प्रभु येशू खीष्टको लागि केहि निश्चित गर्दैछु ?**

यदि म परमेश्वरले प्रयोग गरेको चाहन्छु भने, जहाँ मैले मेरो गवाही दिन सक्छु त्यहाँका मानिसहरूलाई भेट्नु पर्छ

जसले गर्दा मेरो वरिपरि रहने मानिसहरूले म खीष्टियन भएकोमा दोसि नठराउन आतमा जित्ने काम मैले मेरो मण्डलीबाट गर्नुपर्छ । मेरो दर्सन अनुसार र मैले पाएको मुक्ति अनुसार येशू खीष्टको लागि उहाँले भने अनुसार र मलाई दिएको दर्शन अनुसार उहाँको काममा लागिरहनु पर्छ । मसँग धेरै प्रतिभाहरू नहुन सक्छ तर प्रभु येशू खीष्टको प्रेम सुसमाचारको काममा प्रयोग गर्न सक्छु । जब म सुसमाचार प्रचार गर्छु र गवाहीहरू दिन्छु खीष्टमा म झन उत्साहित हुन्छु कि म केहि गर्न सक्छु ।

परमेश्वरको मण्डलीमा उपस्थित हुनेहरू र आनन्दित हुनेहरूलाई यि प्रश्नहरू सोधिएका हुन् । के तिनीहरू साचिकै मुक्ति पाएका छन् त ? मण्डलीमा पास्टरले सधै यस्ता व्यक्तिहरूलाई खोजिरहेका हुन्छन् । उनीहरूले साँचो पाएका छन् । पावलको पहिलो रुवाइ थियो, हे प्रभु तपाईंले मलाई के गर्न भन्नुभएको छ ? र त्यो प्रतेक आत्माको प्रश्न हुनुपर्छ । प्रभु येशूलाई वास्तवमा प्रेम गर्नेहरूले उहाँको सेव ागर्न चाहन्छन् । पास्टर वा अरु कसैलाई पर्खनुको साटो, हामी सिधा परमेश्वरमा जानुपर्छ र उहाँबाट के गर्ने भन्ने निर्देशनहरू लिनुपर्छ । यदि हामीसँग स्वर छ भने हामी मण्डलीमा भजन गाउन सक्छौ वा यदि हामीलाई बाजा बजाउने कला छ भने, हामी उहाँको महिमाको निम्ति बजाउने छौ । केहि मानिसहरू यूवाहरूको समूहमा सेव ागर्न सक्छन् वा मध्यस्थको रूपमा सेव ागर्न सक्छन् । जसरी सेवा गरेता पनि एउटा कुरा भने पक्का छ कि प्रभु येशू खीष्टको लागि केहि नगरेसम्म साँच्चिकै नया गरी जन्मेका मानिसहरू आराम गर्ने छैनन् ।

फेरि म सोध्छु, के म खीष्टको लागि काम गर्दैछु ? के म सक्रिय छु? के मेरो समय परमेश्वरको निम्ति समर्पित छ ? वा म अझै पनि कसैले बोलाउछ कि भनेर पर्खिरहेको छु ? थाहा दुइ प्रकारका सेवकहरू हुन्छन् : निश्क्रिय र सक्रिय । निष्क्रिय सेवकहरू भन्छन्, 'प्रभु म थाहा छु ।' भने सक्रिय सेवकहरू 'मलाई पठाउनुहोस' भन्छन् । म कुन सेवक छु ? के म प्रभु येशू खीष्टका निम्ति केही गर्दैछु ?

यदि हामीले उहाँको अनुमोदन प्राप्त गर्ने हो भने यी प्रश्नहरू सामना गर्नुपर्नेछ । "शर्माउन नपर्ने र सत्यको वचनलाई ठिकसँग प्रयोग गर्ने कामदार जस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहण योग्य तुल्याउने भरमग्दुर प्रयत्न गर ।"(२ तिमोथी २:१५) यदि हामी पूर्ण रूपमा इमानदारी विश्वासी बन्छौ भने परमेश्वरको वचनले हामीलाई यसरी भन्दछ, "मालिकले त्यसलाई भने स्याबास असल र विश्वासी नोकर । त थोरै कुरामा विश्वासी भइस अब म तलाई धेरै कुराको जिम्मेवारी दिनेछु । त आफ्ना मालिकको खुसीमा सहभागी हो ।" (मत्ती २५:२१) अन्तमा आउनुहोस, हामी आफैले आफैलाई जाचै र कुन ठाउँमा छौ विचार गरौ । यदि हामी परमेश्वरको वचन अनुसार छ छैनौ भने परमेश्वरको वचलाई हाम्रो जीवनलाई व्यावाहारिक रूपमा उतार्ने कोसिस गरौ ।

**सेवाको पाठ**

"येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, तिमीहरूलाई थाहा नै छ, कि अन्य जातिका सासकहरूले तिनीहरूमाथि निरङ्कुश सासन गर्दछन् र ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार जमाउँछन् । तिमीहरूका बिचमा यस्तो हुने छैन तर जो तिमीहरूमाथि ठूलो हुने इच्छा गर्दछ त्यो तिमीहरूको सेवक हुनुपर्दछ । जो तिमीहरू मध्ये पहिलो हुने इच्छा गर्दछ त्यो तिमीहरूको कमारो हुनुपर्दछ । जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न धेरैको छुटकाराको मोल स्वरूप आफ्नो प्राण दिन आयो ।"(मत्ती २०:२५ -२८)

हाम्रा प्रभुले हामी सामु राख्नु भएको पाठ के हो त ? यो एक शब्दमाअरुको सेवा गर्नु हो । हाम्रो मुख्य चिन्ताको विषय कसरी हामीले अरुबाट आफ्नो नाका र प्रगतिमात्र सोच्ने होइन कि अरुको निम्ति पनि कसरी उन्नति प्राप्त गर्न सकिन्छ भन्ने मानसिकता बनाउनुपर्छ । हामी जति मानिस देख्दछौ उनिहरूले मुखले त सेवा गर्छु भन्छन् तर भित्र हृदयमा उनिहरूले आफ्नो स्वार्थमात्र राखेका हुन्छन् ।

परमेश्वरले हामीलाई यस्तो आदेश दिनुभएको छ कि हामी उहाँलाई प्रेम गर्न र उहाँको सेवा गर्न सक्दैनौ भने हाम्रा मानिसहरूलाई पनि प्रेम र सेव ागर्न सक्दैनौ । येशूले अन्तिम न्यायको दिनमा यस्तो हुनेछ भनेर प्रष्ट पार्नुभयो कि, "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ तब उ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन् । र जसरी गोठालाले भेडा र बाखालाई छुट्याउँछ त्यसरी नै,उसले तिनीहरूलाई एउटालाई अर्कोबाट अलग गर्नेछ । उसले भेडाहरूलाई आफ्नो दाइने पट्टि र बाखाहरूलाई देब्रेपट्टि राख्नेछ । तब राजाले आफ्नो दाइने पट्टिकालाई भन्नेछ, आओ मेरो पिताका धन्यका हो ! संसारको उत्पत्ती देखि तिमीहरूका निम्ति तयार गरिएका राज्यलाई अधिकार गरा किनभने म भोकाएको थिए, तिमीहरूले मलाई खाना दियौ । म तिखाएको थिए, तिमीहरूले मलाई पिउन दियौ । म परदेशि थिए, तिमीहरूले मलाई आश्रय दियौ । नाङ्गै थिए तिमीहरूले मलाई वस्त्र

लगाइ दियौ । विरामी थिए, तिमीहरू मलाई हेर्न आयौ । भ्यालखानामा थिए, तिमीहरू म कहाँ आयौ । तब धर्मी जनहरूले उनलाई जवाफ दिने छन् हे प्रभु कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौ र खान दियौ ? अथवा तिर्खाउनु भएको देख्यौ र पिउन दियौ ? कहिले हामीले तपाईंलाई परदेशी देख्यौ र आश्रय दियौ । अथवा नाङ्गो देख्यौर वस्त्र लगाइदियौ र कहिले हामीले तपाईंलाई विरामी वा भ्याल खानामा देख्यौ र तपाईं कहाँ आयौ ? तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन् साँच्चै म तिमीहरूलाई भन्दछु तिमीहरूले मेरा यि भाइहरू मध्ये सबैभन्दा सानामा एक अर्कालाई जे जति गऱ्यौ । त्यो तिमीहरूले मलाई नै गऱ्यौ । त्यसपछि उनले देब्रे पट्टिका मानिसहरूलाई भन्नेछन्, स्रपित मानिस हो मबाट दूर होओ र दियाबलस र त्यसका दूतहरूको लागि तयार गरिको अनन्तको आगोमा जाओ किनभने म भोकाएको थिए तिमीहरूले मलाई खान दिएनै । तिर्खाएको थिए तिमीहरूले मलाई पिउन दिएनौ म परदेशी थिए तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिए र तिमीहरू मलाई हेर्न आएनौ । तिमीहरूले पनि यस्तो भनेर जवाफ दिनेछन् प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौ । परदेशि वा नाङ्गो वा विरामीवा भ्यालखानामा देख्यौ र तपाईंको सेवा गरेनौ । तब उनले तिनीहरूलाई जवाफ दिने छन् साच्चै म तिनीहरूलाई भन्दछु यि सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे जति गरेनौ त्यो तिमीहरूले मेरो निम्ति गरेनौ ।तब यिनीहरू अनन्त डण्डको भागी हुनेछन् । तर धर्मिजनहरू अनन्त जिवनमा प्रवेश गर्नेछन् ।" (मत्ती २५:३१-४६)

यदि हामीले खीष्टलाई प्रेम गर्ने र उहाँको सेवा गर्ने हाम्रो कर्तव्य पूरा गर्न सक्दैनौ भने हामी मानिसलाई पनि वेवास्ता गरिरहेका हुन्छौ । यस्ता प्रकारका कुनै पनि सेवा परमेश्वरले स्विकार्नु हुँदैन । यदि हामीले उहाँलाई प्रेम गर्छु भन्छौ भने आफ्नो वरिपरि भएका मानिसहरूको बास्ता गर्नुपर्छ जस्तै खाँचोमा परेकाहरू भोकाएकाहरू, बिरामीहरू, बोझले लादिएकाहरू, कष्टमा परेकाहरू आदि मानिसहरूको हामीले वास्ता र प्रेम गर्नुपर्छ । तिनीहरूलाई खीष्टको नाउमा सेवा गर्नुपर्छ । तिमीहरू सबै जो पिडित छन्, अरु मानिसले वेवास्ता गरेका छन्, अनाथ र विधुवा छन्, उनिहरूलाई आफ्नो सेवामा उठाउनुपर्छ । हामी खीष्ट सँगको यस्तो किसिमको सम्बन्धबाट कहिलै पनि टाढा हुन सक्दैनौ । यस्तो प्रेमले हामीलाई खीष्ट र मानिसको बिचमा असल सम्बन्ध राख्न बाध्य बनाउछ । कुनै विश्वासी प्रति स्वार्थी व्यवहार गर्नु भनेको खीष्ट प्रति स्वार्थी व्यवहार गर्नु हो । हाम्रो सहयोगको आवश्यकता परेको कुनै पनि व्यक्तिको वेवास्ता गर्नु भनेको खीष्टको वेवास्ता गर्नु हो । खीष्टको नाममा कसैलाई असल गर्नु भनेको खीष्टको सेवा गर्नु हो ।

**सबै जिबन पवित्र छ :**

यदि हामीले येशू हामी सँगै हुनुहुन्छ भन्ने बुझेका थियौ भने एउटा एक दिन मात्र होइन जीवन भरि नै हामीसँग हुनुहुन्छ भन्ने बुझ्ने थियौ । उहाँको आत्मिक उपस्थितिमा मात्र होइन सबै खाचोमा परेका वा दुःख कष्टमा परेका व्यक्तित्वहरूमा खीष्टको साथ हुन्छ र यसले हाम्रो जिवनबाट बढीभन्दा बढी महिमा दिनेछ । यदि हामीले खीष्टलाई हाम्रो सेवकाईमा देख्दै र हाम्रो आवश्यकतामा भेट्यौ भने यसले हामी सबैको जिवनलाई पवित्र बनाउँदछ । हामीले अरुको जिवनमा वेवास्ता र लापर्वाही गर्न परमेश्वरको दृष्टिमा असल होइन । यसले हामीलाई अपवित्रता तिर लैजान्छ । यदि हामीले हाम्रने नचिनेको व्यक्तिलाई उहाँको उपस्थितिमा ल्याउछौ भने परमेश्वरले त्यो व्यक्ति हाम्रो निम्ति पठाइदिनु भएको हुन सक्छ । कुनै न कुनै तरिकाबाट हामीले परमेश्वरको महिमा गरेका हुन्छो र यसमा उहाँको प्रेमद्वारा असले सेवा गरेका हुन्छौ । हामी सँधै उहाँको प्रेममा रहेका छौ र सुरक्षित छौ भन्ने पूर्ण विश्वासमा हुन्छौ । उहाँको प्रेम सुरक्षण साथ हामी अरुलाई वढेका हुन्छौ ।

हामीले हाम्रो सेवाकाईको घोषणा गर्न आवश्यक हुदैन। हाम्रो कामले नै अरुले यो घोषणा गरिदिनेछन् । आफ्नो काम र कर्तव्य असल प्रकारले निर्वाह गर्ने वित्तिकै त्यहाँ खीष्टको प्रेमको नम्रता आउदछ । कोमल र नम्रताकासाथ जे गर्दछौ त्यसबाट परमेश्वरको महिमा भएको हुन्छ । अरुको अगाडी सधै हसिलो मुहार देखाउनु र खुसीसाथ अरुको सेवा गर्नुले अरुलाई प्रेरणा मिलेको हुन्छ । तर जे होस सेवा थोरै हुन सक्छ त्यो सेवा परमेश्वरको इच्छा अनुसारको काम हुनुपर्छ । त्यसलाई मानिसले होइन तर परमेश्वरले इनाम दिनु हुनेछ ।

**प्रेमले कार्यमा प्रवाह ल्याउछ -**

यस संसारमा मानिसहरूको दायित्व भनेको सिद्धान्त मात्र नभएर कर्तव्य पनि त्यतिकै महत्वपूर्ण छ । मानिसहरूले धेरै चोटि भावनामा काम गर्न खोज्छन् तर व्यवहार भने फरक हुन्छ । परमेश्वरको इच्छा पनि मानिसहरूले कार्यमा परिणत गरोस भन्ने हो । हामीले हाम्रो दृष्टिहरूलाई वास्तविकतामा ल्याउनु पर्दछ । हामीले हाम्रो हृदयको प्रेम जिवनर कार्यमा परिणत गर्दै अरुलाई सहयोग गरि सेवामा प्रभाव गर्नु पर्छ । खीष्टको शिक्षाले यो देखाउँदछ कि हामी सबैले मानिसहरूलाई प्रेम र सेवा गर्न बाध्य छौं । हामी सबै

ऋणी छौ तर पैसाको होइन, परमेश्वरले सितैमा दिनुभएको प्रेमको हो । ख्रीष्टले हामीलाई प्रेम गरेर मृत्युदेखि बचाउनुभयो त्यही प्रेम हामीले पनि अरुलाई सितैमा दिनु पर्छ। उहाँले भोकाहरू को लागि रोटी र सहानुभूति दिनु भयो। त्यही सहानुभूति हामीले उहाँको जस्तै प्रेम गरेर एक-अर्कालाई दिनु पर्दछ। "बाइबलले यसरी भन्छ, "आपसमा प्रेम गर्नु बाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकी आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पुरा गरेको हुन्छ ।" (रोमी १३:८)

यदि हामी व्यक्तिहरूलाई सधै यस प्रकारले हेर्दा भने हामी आफैले आफैलाई प्रश्न सोध्न सक्छौः म कसरी यो व्यक्तिलाई सहायता गर्न सक्छु ? मैले उसको निम्ति के गरेको परमेश्वर चाहानुहुन्छ ? हामी त्यो काम पूरा गर्न खोजिरहेका हुन्छौ । जब हामी काम गर्छौ सबैलाई परमेश्वरको प्रेमको चाहना गर्नेलाई खुसी साथ दिन सक्छौ । र हामी उहाँसित दयालु व्यवहार गरेर प्रस्तुत हुन सक्छौ ।

हामीले हाम्रा मानिसहरूलाई प्रेम गर्नको निम्ति परमेश्वरले प्रसस्त शक्ति दिनुभएको छ । जुन शक्तिले अनियन्त्रित आनन्द र मद्दत पुऱ्याउछन सहायता गर्छ । हामी परमेश्वरको सेवाको निम्ति अद्भूत पाठ सिक्न सक्छौ। जसलाई हामी भेट्छौ ति प्रत्येक व्यक्तिलाई हामी प्रेमको सन्देश सुनाउछौ । यसमा हामी अत्यन्त गौरव गर्छौ । अरु भन्दा आफू शक्तिशाली सम्झन्छौ । हामीलाई आफै भित्र परमेश्वरको काम गरेको महसुस हुन्छ। जब हामी अरुको निम्ति काम गर्दछौ येशू ख्रीष्टले गुरु भएर पनि अरुको खुट्टा धुनु भएको याद गर्दछौ र आफूलाई अत्यन्त नम्र बनाई अर्कोलाई सर्वोच्च सम्मानदिन सक्छौ । येशूले भन्नु भएको छ कि, "तर तिमीहरू चाहि यस्तो नहोओ । तिमीहरूमध्ये जो ठुलो छ त्यो सानो बनोस र अगुवा हुनेले चाहि सेवा गरोस्" । (लूका २२: २६)

# आत्मामा प्रार्थना गर्दै
## Praying in the Spirit

By R.A. Torrey

Vol 77 No. 3 (915)

प्रार्थना गर्दा पवित्र आत्मामा हाम्रो निर्भरता हुनुपर्छ भन्ने एफिसि ६ : १८ ले स्पष्ट पार्छ ।"सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील सर्तक भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिन्थ्यो ।" ( एफिसि ६ : १८) "तर प्रिय हो, तिमीहरूचाहि तिमीहरूको अति पवित्र विश्वासमा दृढ हुँदै जाओ र पवित्र आत्मामा प्रार्थना गर ।" (यहूदा २०,) वास्तवमा प्रार्थनाको सम्पूर्ण रहस्य पवित्र आत्मामा पाइन्छ । पवित्र आत्माले प्रेरित गर्नुभएको प्रार्थना परमेश्वर पिताले जवाफ दिनुहुन्छ ।

चेलाहरूको कसरी प्रार्थना गर्नुपर्ने हो जान्दैनथे, त्यसैले तिनीहरू येशू कहाँ आएर भने, प्रभु हामीलाई प्रार्थन गर्न सिकाउनुहोस् । हामीलाई यहाँ छैन कि हामीले कसरी प्रार्थना गर्ने । तब येशूले जवाफ दिनुभयो, "म पितासँग बिन्ती गर्नेछु र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ ।" (यूहन्ना १४:१६) "त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ। कसरी प्रार्थना गर्ने हो हामी जान्दैनौ तर शब्दहरूमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रो निम्ति मध्यस्थता गर्नुहुन्छ ।" (रोमी ८ : २६) पवित्र आत्माले हामीलाई प्रार्थना गर्न सिकाउनुहुन्छ ।

साँचो प्रार्थना आत्मामा प्रार्थना हो । पवित्र आत्माले आत्मिक प्रेरणा र निर्देशन दिन्छ । जब हामी परमेश्वरको उपस्थितिमा आउँछौ तब तब हामीले हाम्रा अशक्तताहरू, कसरी वा केको लागि प्रार्थना गर्ने भन्ने बारेमा हाम्रो अज्ञानता र हामीले प्रार्थना गर्न नसक्ने भएमा पवित्र आत्मालाई हेर्नुपर्दछ । यसको निम्ति हामी पवित्र आत्मामा रहनुपर्छ जब हामी पहिलो पटक परमेश्वरको उपस्थितीमा आउछौ हामी उहाँको समक्ष चुपचाप बस्नुपर्दछ। हामीले कसरी, प्रार्थना गर्ने भनेर सिकाउन पवित्र आत्माको पर्खाइमा रहनु पर्दछ र आफूलाई आत्मामा समर्पण गर्नु पर्छ, तब हामी ठीकसँग प्रार्थना गर्न सक्छौ ।

**प्रार्थना गर्ने मन दिनुहोस्, भनेर प्रार्थना गर्नुहोस्**

कहिलेकाही जब हामी प्रार्थनामा परमेश्वर सामु आउछौ, तब हामी प्रार्थना गरेको महसुस गर्दैनौ । यस्तो अवस्थामा हामीले के गर्नु पर्ला ? जब हामी प्रार्थनालाई कमसेकम महसुस गर्छौ तब नै अझ धेरै प्रार्थना गर्न आवश्यक हुन्छ। हामीले परमेश्वर सामु चुपचाप पर्खनुपर्दछ र उहाँलाई हाम्रो हृदय कत्तिको चिसो र प्रार्थनाविहिन छ भनेर बताउनुपर्छ । उहाँलाई हेर्नुपर्दछ, उहाँमाथि भरोसा राख्नुपर्दछ र हाम्रो हृदयलाई न्यानो पार्न प्रार्थनाले पवित्र आत्मा पठाउनुहुन्छ आशा राख्नुपर्छ। आत्माको उपस्थितिको चमकले हाम्रो हृदय भने छ र हामी स्वतन्त्रता, प्रत्यक्षता, उदारता र शक्तिले प्रार्थना गर्न थाल्नेछौ । जब हामी आत्मामा प्रार्थना गर्दछौ, हामी विषयहरूको लागि र सहि तरिकाले प्रार्थना गर्नेछौ । हाम्रो प्रार्थनामा आनन्द र शक्ति हुनेछ ।

**विश्वासमा प्रार्थना गर्नुहोस्**

यदि हामी शक्तिशाली प्रार्थना गर्न चाहन्छौ भने हामीले विश्वासहित प्रार्थना

गर्नुपर्छ । येशूले भन्नुभयो, “यसकारण र म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरूको हुनेछ ।” (मर्कूस ११:२४) हामी परमेश्वरको प्रतिज्ञामा आनन्द लिन सक्दैनौ जब सम्म हामी विश्वस्त भई हाम्रो प्रार्थना को उत्तरको आशा गर्दैनौ । याकूबले भने “तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहने परमेश्वरलाई त्यसले मागोस र त्यसलाई त्यो दिइनेछ ।” (याकूब १: ५) यो प्रतिज्ञा सकारात्मक प्रतिज्ञा हुन सक्छ तर अर्को पदमा उनले भन्छन् “तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस् । शङ्का गर्नेचाँहि बतासले उचाल्दै पछार्दै गर्ने समुद्रका छालसमान हुनेछ । त्यस्तो मानिसले यो नसम्झोस कि उसले प्रभुबाट केही पाउने छ ।” (याकूब १:६ - ७) प्रार्थना गर्दा विश्वास र अटुट आशा हुनुपर्दछ ।

**साचो विश्वास कसरी गर्ने ?**

तर यो विश्वास कसरी पाउन सकिन्छ ? धेरै विश्वासको प्रार्थनाको प्रतिज्ञाका बारेमा पढ्छन् त्यसपछि आफूले चाहेको चिजहरू माग्छन् र उनीहरूको प्रार्थना परमेश्वरले सुन्नु भएको हो भनेर विश्वास गर्न खोज्छन् तर केवल निराश हुन्छन्, किनकि यो वास्तविक विश्वास होइन । तर साँचो विश्वास कसरी गर्ने त ? यो प्रश्नको जवाफ रोमी १०:१७ मा पाउन सकिन्छ : “जे सुनिएको छ, त्यसैबाट विश्वास आउछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।” यदि हामीमा साँच्चिकै विश्वास छ भने हामीले परमेश्वरको वचनको अध्ययन गर्नुपर्दछ र के प्रतिज्ञा गरिएको छ भनेर पत्ता लगाउनुपर्छ । तब मात्र हामी परमेश्वरको प्रतिज्ञालाई विश्वास गर्न सक्छौ । परमेश्वर के भन्नुहुन्छ भनेर बुझ्नु नै विश्वास हो । यदि मैले प्रार्थना गरेको बेलामा विश्वास गर्छु भने मैले परमेश्वरको वचमा विश्वास गरेको हुन्छु । विश्वास आत्माबाट आउँछ । आत्माले परमेश्वरको इच्छा जान्दछ । यदि म आत्मामा प्रार्थना गर्दछु र आत्माले मलाई परमेश्वरको इच्छामा प्रार्थन ागर्न सिकाउदछ भने उहाँले मलाई आत्माद्वारा प्रार्थनामा डोऱ्याउनुहुन्छ र मलाई विश्वास छ कि उहाँले मलाई मेरो प्रार्थनाको जवाफ दिनुहुनेछ । कुनै पनि अवस्थामा विश्वास बाहेक अरु कुराले प्रार्थना निर्धारण गर्न सक्दैन र तपाईंले गर्नु भएको प्रार्थनाको उत्तर पाउन सक्नुहुन्न ।

यदि परमेश्वरको वचमा कुनै प्रतिज्ञा छैनन् र आत्माको कुनै स्पष्ट नेतृत्व छैन भने त्यहाँ कुनै साचो विश्वास हुन सक्दैन । यस्तो अवस्थामा विश्वासको कमीको निम्ति आत्मामा उत्तेजना हुनुहुँदैन तर आफूले चाहेको कुरालाई परमेश्वरको वचको प्रतिज्ञा गरिएको कुरालाई याद गर्नुपर्छ । यदि हामीले प्रार्थनामा संका गरेका छौ भने हामीले अर्केले आफैलाई हप्काउनुपर्छ किनभने हामी उहाँको वचनमाथि शङ्का गरेर परमेश्वरलाई झुटो बनाइरहेका हुन्छौं ।

## मुक्तिका पाइला

*‘पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्’ (रोमी ३ : २३) ‘किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।’ (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । ‘*

*दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।’ (यशैया ४४ : ७) विश्वास गर्नु ‘किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।’ (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।*

*‘किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।’ (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, ‘पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।*

*... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । (प्रेरित २ : ३८ - ४१)* HHC, Vol 67 No. 9 (801)

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com